# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु दिल बहादुर श्रेष्ठ, दिनेश अधिकारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

प्रतिवादीहरु कृषि उपज बजार पाँचखालका सञ्चालक समितिका अध्यक्ष **दिल बहादुर श्रेष्ठ र** कोषाध्यक्ष **दिनेश अधिकारीले** समितिको खातामा रहेको रकम मध्ये रु.१४,३८,५००।- चेकमा सही गरी निकाली हिनामिना गरेको पुष्टि हुन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन,

प्रतिवादी कृषि उपज बजारको आर्थिक बर्ष ०६९/०७० देखी ०७४/०७५ सम्मको अडिट प्रतिवेदन एच.के. अधिकारी एण्ड एसोसियट्सका संचालक **केशव अधिकारी**ले खर्चका बिल भरपाई वेगर कृषि उपज बजार संचालक समिति पाँचखालको लेखापरीक्षण गरी गलत प्रतिबेदन दिएको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०/०९/०८ को फैसलाबाट सफाई दिएको-ः

कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको खातामा जम्मा भएको रकम प्रतिवादी दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले झिकी मासेको नदेखिएको, स्टल भाडा वापत प्राप्त भएको रकम र उक्त रकम झिकी स्टल निर्माण गर्दा लागेको खर्च तिरो भारो भएको भन्ने देखिएको, खातामा भएको रकम बदनियदत लिई झिकेको भन्ने नदेखिएको, सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएकोले निज प्रतिवादी दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको भन्ने आरोप दाबी पुष्टि हुन आएको नदेखिएको, यसैगरी प्रतिवादी केशव अधिकारीले कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको अडिट गर्दा कुनै बदनियत लिई अडिट प्रतिवेदन तयार गरेको भन्ने नदेखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कसुर गरेको दाबी पुग्न सक्ने नदेखिएको, दाबीको सटरहरु निजी स्रोत साधनले निर्माण भएको देखिएको, सटर भाडाबाट उठेको रकमको विषयमा सम्झौता मौन रहेको अवस्थामा प्रतिवादी दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरेको पुष्टि हुन नसकेको र सोही समितिको आय व्यय प्रतिवादी केशव भन्ने हरिकेशव अधिकारीले लेखापरीक्षण गरेको देखिँदा निज उपरको आरोप दावी पुष्टि हुन नसकेकोले सबै प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने,

लगायतका आधारमा प्रतिवादीहरुले आरोपीत कसुरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२६ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले जिल्ला कृषि विकास कार्यालय, काभ्रे र कृषि उपज बजारको सञ्चालक समितिबीच कृषि बजार सञ्चालनार्थ मिति २०७०।०४।२० मा भएको सम्झौतामा उल्लेखित शर्त विपरीत तथा **"कृषि उपज बजार स्थलको व्यवस्था तथा संचालन विधि,२०५३ (संसोधन सहित)"** तथा तत्कालीन समयमा प्रचलित **"कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३** को **दफा** २(च), **दफा** ४, **दफा ७, दफा १५, दफा १९ र दफा ३६** समेतमा उल्लिखित परिभाषा, समितिको काम, कर्तव्य र अधिकार,

सदस्यहरुको पदावधी,नवीकरण सम्बन्धी व्यवस्था, आर्थिक प्रशासन र बजारको स्वामित्व सम्बन्धी रहेका प्रावधान विपरीतको काम निज प्रतिवादीहरुबाट भए गरेको स्पष्ट देखिएको, मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु निर्माण गर्नका लागि कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको पत्र अनुसार कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेलाई तरकारी बजार क्षेत्र भित्रको जग्गामा आफ्नै स्रोत साधनबाट बजार स्टल निर्माण गर्न सहमति दिएकोमा निजहरुले कृषि उपज बजार सम्बन्धी काम नगरी आफूखुशी स्टल, टहरा तथा सटरहरु निर्माण गरेर भाडामा लगाई रकम उठाई सार्वजनिक कोषको रकम हिनामिना तथा हानिनोक्सानी गरेको देखिंदा देखिंदै निजहरुको बदनियतपूर्ण कार्यबाट सार्वजनिक कोषको रकम हिनामिना तथा हानिनोक्सानी भएको मिशिल संलग्न तथ्य र प्रमाण समेतलाई अनदेखागरी निजहरुलाई आरोपित कसुरबाट सफाई दिने फैसला त्रुटिपूर्ण रहेको।

ख) प्रतिवादीहरुले मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु निर्माण गर्नका लागि कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको पत्र बमोजिम कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेलाई स्टल निर्माण सम्बन्धमा तरकारी बजार क्षेत्र भित्रको जग्गामा आफ्नै स्रोत साधनबाट बजार स्टल निर्माण गर्ने गरी सहमति दिएकोमा निज प्रतिवादीहरुले कृषि उपज बजार समिति, पाँचखालको गठन तथा सञ्चालनको उदेश्य र शर्त बन्देज विपरीत हुने गरी कलुषित मनसायका साथ कृषि उपज बजार सञ्चालन गर्ने समितिको कोषमा रकम जम्मा गर्दा गराउँदा र खर्च गर्दा समेत तोकिएका निर्देशिकाको व्यवस्था तथा कार्यविधिहरुको उल्लंघन गरेर व्यक्तिगत सम्पत्ति जस्तो गरी बदनियतपूर्वक सार्वजनिक कोषको रकम खर्च गरी हिनामिना तथा हानिनोक्सानी गरे/गराएको कार्यबाट उक्त आरोपपत्रमा उल्लेखित बिगो बमोजिमको रकम बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण रहेको।

ग) कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेलाई स्टल निर्माण सम्बन्धमा तरकारी बजार क्षेत्र भित्रको जग्गामा समितिले आफ्नै स्रोत साधनबाट स्टल निर्माण गर्ने गरी दिएको सहमति विपरीत आफूखुशी व्यक्तिगत लगानी लगाई तथा अग्रिम भाडासमेत उठाई व्यक्तिगत सम्पत्ति जस्तो गरी उक्त सार्वजनिक रुपमा सञ्चालन हुने गरी गठित तथा सञ्चालित  कृषि उपज बजारको स्थापना र सञ्चालनको कार्यविधि, उदेश्य र शर्त-सम्झौता विपरीतको कसुरजन्य कार्य गरेको कारणबाट कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको कोषको बदनियतपूर्ण रुपले हिनामिना तथा हानीनोक्सानी भएको व्यहोरा समेतलाई अनदेखागरी प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई पाउने ठहरी भएको फैसलामा निजहरुको कसुरको गम्भीरतालाई समेत मध्यनजर नगरी फैसला भएको देखिएकोले बदरभागी रहेको ।

घ) प्रतिवादी दर्तावाला लेखापरीक्षक सदस्यता नम्वर ३९०४, प्रमाणपत्र नं. ग ०३०२ का वाहक केशव भन्ने हरिकेशव अधिकारीले मौकाको बयानको सवाल जवाफमा आर्थिक बर्ष २०६९।०७० देखि २०७४।०७५ सम्मको एकै पटक निज अध्यक्ष दिल बहादुर श्रेष्ठले मौखिक बताए अनुसार तयार गरेको हो भनी लेखाईदिएका तथा निजको मौकाकै बयानको जवाफमा समेत "आफू जिम्मेवार व्यक्ति भएर त्यसरी सार्वजनिक स्वामित्वमा रहेको कृषि उपज बजार सञ्चालक समितिको अडिट रिपोर्ट तयार गर्ने कार्य गर्न नियमले मिल्दैन, अध्यक्षले आन्तरिक प्रयोजनको लागि भनेको हुँदा तयार पारेको हो" भनी आरोपित कसुरमा साविती रही बयान गरेका, निजले आफूले पालना गर्नुपर्ने पेशागत आचारसंहिता, उत्तरदायित्व तथा जवाफदेहिता समेतबाट कर्तव्यच्यूत भई गलत लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिशिल संलग्न तथ्य तथा प्रमाण समेतलाई न्यायोचित मूल्याङ्कन नगरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **दिल बहादुर श्रेष्ठ समेत** ३ जना (दिल बहादुर श्रेष्ठ, दिनेश अधिकारी र केशव अधिकारी) भएको, (बिशेष अदालतको मुद्दा नं. ०७७-CR-००७०), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/०९/०८) | **कोषको रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।** | **प्रतिवादी दिल बहादुर श्रेष्ठको हकमाः**<br>कृषि उपज बजार पाँचखालका सञ्चालक समितिका अध्यक्ष प्रतिवादी **दिल बहादुर श्रेष्ठ** उक्त समितिको अध्यक्ष पदमा रहेको र निजले समितिको खातामा रहेको रकम मध्ये रु.१४,३८,५००।-(अक्षरेपी चौध लाख अडतिस हजार पाँच सय मात्र)आफू समेतले चेकमा सही गरि निकाली हिनामिना गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन र हिनामिना गरेको बिगो रकम रु.१४,३८,५००।-(अक्षरेपी चौध लाख अडतिस हजार पाँच सय मात्र) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजबाट असुल उपर हुन समेत मागदावी लिइएको।<br><br>**प्रतिवादी दिनेश अधिकारीको हकमाः**<br>कृषि उपज बजार पाँचखालका सञ्चालक समितिका कोषाध्यक्ष प्रतिवादी **दिनेश अधिकारी** उक्त समितिको कोषाध्यक्ष पदमा रहेको र निज समेतको दस्तखतबाट खाता संचालन भएको देखिएकोले र निजले समेत हस्ताक्षर गरेको चेकबाट अध्यक्ष र कोषाध्यक्षले रु.१४,३८,५००।-(अक्षरेपी चौध लाख अडतिस हजार पाँच सय मात्र) रकम निकाली अनियमितता गरेको देखिएकोले प्रतिवादी दिनेश अधिकारीले समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को | फैसलाः<br>प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>प्रस्तुत मुद्दामा बिशेष अदालत, काठमाण्डौबाट कूल ३ जना प्रतिवादीहरुमध्ये तीनैजना प्रतिवादीहरुको हकमा प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br><br>क) प्रस्तुत मुद्दाका सम्बन्धमा जिल्ला कृषि विकास कार्यालय, काभ्रे र कृषि उपज बजारको सञ्चालक समितिबीच कृषि बजार सञ्चालनार्थ मिति २०७०।०४।२० मा सम्झौता भएको देखिएको, कृषि उपज बजार सञ्चालक समितिको मिति २०७२।११।३० को बैठकबाट मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु निर्माण गर्नका लागि कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय हरिहरभवन ललितपुरमा स्वीकृतिका लागि माग गरेको देखिएको, सो निर्देशनालयको च.नं. ५४१ मिति २०७२।११।३० को पत्रले कृषि उपज बजारको सञ्चालक समिति, पाँचखाल काभ्रेलाई स्टल निर्माण सम्बन्धमा तरकारी बजार क्षेत्र भित्रको जग्गामा समितिले आफ्नै स्रोत साधनबाट बजार स्टल निर्माण गर्ने गरी सहमति दिएको देखिएको ।<br><br>ख) यसैगरी प्रतिवादी दिनेश अधिकारीले अदालतमा बयान गर्दा सटर बनाउँदा कतैबाट अनुदान प्राप्त नभएकोले अध्यक्ष दिलबहादुर | ङ) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले जिल्ला कृषि विकास कार्यालय, काभ्रे र कृषि उपज बजारको सञ्चालक समितिबीच कृषि बजार सञ्चालनार्थ मिति २०७०।०४।२० मा भएको सम्झौतामा उल्लेखित शर्त विपरीत तथा **"कृषि उपज बजार स्थलको व्यवस्था तथा संचालन विधि,२०५३ (संसोधन सहित)"** तथा तत्कालीन समयमा प्रचलित **"कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३** को **दफा २**(च), **दफा ४, दफा ७, दफा १५, दफा १९ र दफा ३६** समेतमा उल्लिखित परिभाषा, समितिको काम, कर्तव्य र अधिकार, सदस्यहरुको पदावधी,नवीकरण सम्बन्धी व्यवस्था,आर्थिक प्रशासन, र बजारको स्वामित्व सम्बन्धी व्यवस्थामा रहेका प्रावधान विपरीतको काम निज प्रतिवादीहरुबाट भए गरेको स्पष्ट देखिएको,मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु निर्माण गर्नका लागि कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको च.नं. ५४१, मिति २०७२।११।३० को पत्रले कृषि उपज बजारको सञ्चालक समिति, पाँचखाल काभ्रेलाई स्टल निर्माण सम्बन्धमा तरकारी बजार क्षेत्र भित्रको जग्गामा समितिले आफ्नै स्रोत साधनबाट बजार स्टल निर्माण गर्ने गरी सहमति दिएको भएता पनि निज प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले जिल्ला कृषि विकास कार्यालय, काभ्रे र कृषि उपज बजारको सञ्चालक समितिबीच कृषि बजार सञ्चालनार्थ मिति २०७०।०४।२० मा भएको सम्झौतामा उल्लेखित शर्त विपरीत मनोमानी रुपमा रकम उठाई निर्माण गरेका स्टल, टहरा तथा सटरहरुमा मासिक भाडामा ग्याँस पसल,जुत्ता पसल,कस्मेटिक पसल,भाँडा पसल,किराना पसल,कपडा पसल र भट्टी पसल सञ्चालन गरिरहेको भन्ने व्यहोराको मिति २०७५।८।१७ को वरिष्ठ मसला बाली विकास अधिकृत युवराज पाण्डे समेतले पेश गरेको **प्रतिवेदनबाट** निजहरुले कृषि उपज बजार सम्बन्धी काम नगरी आफूखुशी स्टल, टहरा तथा सटरहरु भाडामा लगाई रकम उठाई सार्वजनिक कोषको रकम हिनामिना तथा हानिनोक्सानी गरेको देखिंदा देखिंदै निजहरुको बदनियतपूर्ण कार्यबाट सार्वजनिक कोषको रकम हिनामिना तथा हानिनोक्सानी भएको मिशिल संलग्न तथ्य र प्रमाण समेतलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खण्ड (च) बमोजिम सजाय हुन र हिनामिना गरेको बिगो रकम रु.१४,३८,५००।-(अक्षरेपी चौध लाख अडतिस हजार पाँच सय मात्र) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजबाट असुल उपर हुन मागदावी लिइएको।<br><br>**प्रतिवादी केशव अधिकारीको हकमा:**<br>कृषि उपज बजारको आर्थिक बर्ष ०६९/०७० देखी ०७४/०७५ सम्मको अडिट प्रतिवेदन एच.के. अधिकारी एण्ड एसोसियट्सका संचालक ग ३०२ लाईसेन्स नम्बर भएका **केशव अधिकारी**ले खर्चका बिल भर्पाई वेगर कृषि उपज बजार संचालक समिति पाँचखालको लेखापरीक्षण गरी गलत प्रतिबेदन दिएको पुष्टि हुन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कसूर गरेको पुष्टि हुन आएको हुँदा निज एच.के. अधिकारी एण्ड एसोसियट्सका संचालक लाईसेन्स नम्बर ग ३०२ वाहक केशव अधिकारी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिईएको । | श्रेष्ठ र सदस्य माइली दनुवारले निर्माणधीन संरचनामा खर्च लगानी गरेको र केही रकम हार्डवेयर लगायतका पसलबाट बाँकी लिइ काम चलाएकोले भाडामा लगाएको रकम बैंकबाट निकाली उक्त काममा भएको खर्च तिर्ने काम गरिएको हो भनी लेखाइ दिएको देखिएको, प्रतिवादी दिलबहादुर श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०७२ साल ११ महिना ३० गते आफ्नै साधन स्रोतबाट स्टल बनाउने भनी निर्णय गरेको हो, सो ठाउँमा स्टल बनाउनको लागि राजन हार्डवेयर्सबाट उधारो सामान खरिद गरी बनाएको हो, ती स्टलहरु बनाउँदा लगानी मेरो मात्र रु.१३,५०,०००।- (अक्षरेपी तेह्र लाख पचास हजार मात्र) खर्च भएको छ, उक्त रकमहरु सरसापट गरी जुटाइएको हो भनी आरोपित कसूरमा इन्कार रहेको देखिएको र सोही व्यहोरासँग मेल खाने गरी निज प्रतिवादीले अदालतमा समेत बयान गरेको देखिएको, प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षीहरु जिवनाथ अधिकारी र महेन्द्र श्रेष्ठले अदालत समक्ष बकपत्र गरेको देखिएको।<br><br>ग) यसैगरी कृषि उपज बिक्री गर्नका लागि कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेले मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु बनाएको देखिएको, उक्त स्टलहरु विभिन्न व्यक्तिहरुलाई भाडामा प्रयोग गर्न दिएको देखिएको, प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुने भन्ने कानूनी व्यवस्था भए तापनि वादी नेपाल सरकारका | च) प्रस्तुत मुद्दाका प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारी समेतले मौकामा तथा अदालत समक्ष बयान गर्दा आरोपित कसूरमा ईन्कार रही बयान गरेका, साक्षीहरुले अदालत समक्ष बकपत्र गर्दा प्रतिवादी दिल बहादुर श्रेष्ठले व्यक्तिगत रुपमा रकम लगानी गरी तथा विभिन्न पसलहरुबाट उधारो मागेर संरचना निर्माण गरेका हुन् भन्ने व्यहोराको बकपत्र गरेका भएता पनि निज प्रतिवादीहरुले मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु निर्माण गर्नका लागि कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको पत्रले कृषि उपज बजारको सञ्चालक समिति, पाँचखाल काभ्रेलाई स्टल निर्माण सम्बन्धमा तरकारी बजार क्षेत्र भित्रको जग्गामा समितिले आफ्नै स्रोत साधनबाट बजार स्टल निर्माण गर्ने गरी सहमति दिएकोमा निज प्रतिवादीहरुले कृषि उपज बजार समिति, पाँचखालको गठन तथा सञ्चालनको उदेश्य र शर्त बन्देज विपरीत हुने गरी कलुषित मनसायका साथ सार्वजनिक समितिको कृषि उपज बजार सञ्चालन गर्ने समितिको कोषमा रकम जम्मा गर्दा गराउँदा र खर्च गर्दा समेत तोकिएका निर्देशिकाको व्यवस्था तथा कार्यविधिहरुको उल्लंघन गरेर व्यक्तिगत सम्पत्ति जस्तो गरी बदनियतपूर्वक सार्वजनिक कोषको रकम हिनामिना तथा हानिनोक्सानी गरी तथा खर्च गरी सो कार्यबाट उक्त सार्वजनिक कोषलाई आरोपपत्रमा उल्लेखित बिगो बमोजिमको रकम बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत, काठमाण्डौको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br><br>छ) यसैगरी कृषि उपज बिक्री गर्नका लागि कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेले मसला बाली विकास केन्द्रको जग्गामा निज प्रतिवादी दिलबहादुर श्रेष्ठ समेतले व्यक्तिगत लगानी तथा विभिन्न पसलहरुबाट उधारो मागी अस्थाई स्टलहरु सहितको संरचना बनाएकोमा उक्त स्टलहरु विभिन्न व्यक्तिहरुलाई भाडामा प्रयोग गर्न दिएको भनी साक्षीहरुले अदालत समक्ष बकपत्र गर्दा स्टल र सटर निर्माण गर्दा रकम खाइ मास्ने कार्य नभई हामीले तिरेको भाडा रकमबाट सटरहरु निर्माण गरी संचालन गरेको हो भनी बकपत्र गरेता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | साक्षी माइली दनुवारले बकपत्र गर्दा स्टल निर्माण गर्दा ४० हजार जति मेरो व्यक्तिगत लगानी भएको र बाँकी सबै दिलबहादुर श्रेष्ठले व्यक्तिगत तथा विभिन्न पसलहरुबाट उधारो मागी संरचना बनाएको भनी लेखाइ दिएको देखिएको, यसैगरी नेपाल सरकारकै साक्षी शुभलक्ष्मी श्रेष्ठले बकपत्र गर्दा दिलबहादुर श्रेष्ठले आफ्नो खर्च र पसलहरुबाट उधारोमा सामानहरु ल्याइ स्टलहरु निर्माण गरेको हो भनी लेखाइ दिएको देखिएको, वादीकै साक्षी सरोज मास्के तथा रामकुमार कुँवरले बकपत्र गर्दा स्टल र सटर निर्माण गर्दा रकम खाइ मास्ने कार्य नभई हामीले तिरेको भाडा रकमबाट सटरहरु निर्माण गरी संचालन गरेको हो भनी बकपत्र गर्दा उल्लेख गरेको देखिएको।<br>घ) यसैगरी तिरो भारो गरेको तामाघाट ग्रिल सटर उद्योग, पाँचखाल इलेक्ट्रिकल्स,मखमलि निर्माण सेवा, राजन हार्डवेयरका बिलहरु तथा मिसिल संलग्न भरपाईहरुबाट देखिएको, स्टलहरुको निर्माण गर्दा सरकारी बजेट लगानी भएको भन्ने अभियोग दाबीसमेत नदेखिएको, कृषि उपज बजारकों सञ्चालक समिति, पाँचखाल काभ्रेले आफ्नै स्रोत र साधनबाट स्टलहरु निर्माण गरेको पाइएको, भाडाबाट प्राप्त रकम समितिको खातामा जम्मा भएको देखिएको, सो रकम प्रतिवादी दिलबहादुर श्रेष्ठ समेतले झिकी स्टल निर्माण गर्दा लागेको खर्च तिर्ने काम भएको भन्ने देखिएको, प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले समितिको खातामा जम्मा भएको रकम हिनामिना गरेको, खाइ मासेको भन्ने नदेखिएको।<br>ङ) यसैगरी प्रतिवादी केशव अधिकारीको हकमा | पनि सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध नारायण बहादुर राउत (ने.का.प. २०६६, अंक ६, निर्णय नं. ८१७९), नेपाल सरकार विरुद्ध कन्थे भन्ने कर्ण बहादुर साउद (ने.का.प. २०७५, अंक ११, निर्णय नं. १०१३२) समेतका विसौं मुद्दाहरुमा अन्य प्रमाणहरुबाट कसूर पुष्टी भईरहेको अवस्थामा केवल अनुसन्धानको क्रममा गरेको बकपत्र भन्दा प्रतिकुल बकपत्र गरेको आधारमा प्रतिवादीहरुले सफाई नपाउने भनी सिद्धान्तहरु प्रतिपादन भएको अवस्था छ। साथै, निज प्रतिवादी दिलबहादुर श्रेष्ठ समेतले उक्त मसला बाली विकास केन्द्रको जग्गामा कृषि उपज बिक्री गर्नका लागि कृषि उपज बजार सञ्चालक समिति, पाँचखालको सम्झौतामा उल्लेखित शर्त विपरीत तथा "कृषि उपज बजार स्थलको व्यवस्था तथा संचालन विधि,२०५३ (संसोधन सहित)" र तत्कालीन समयमा प्रचलित "कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ विपरीतका कार्यहरु गरी गराई प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारी समेतले सार्वजनिक कोषको चरम दुरुपयोग गरी,सार्वजनिक सम्पत्तिलाई आफूखुशी भाडामा लगाउने र रकम उठाई हिनामिना र हानीनोक्सानी गर्ने कसूरजन्य कार्य गरेको कुरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट पुष्टि भईरहेको अवस्था देखिंदा देखिंदै सो व्यहोरालाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br>ज) यसैगरी प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले कृषि उपज बिक्री गर्नका लागि कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको लागि मसला बाली विकास केन्द्रको जग्गामा अस्थाई स्टलहरु निर्माण गर्नका लागि कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको च.नं. ५४१, मिति २०७२।११।३० को पत्रले कृषि उपज बजारको सञ्चालक समिति, पाँचखाल काभ्रेलाई स्टल निर्माण सम्बन्धमा तरकारी बजार क्षेत्र भित्रको जग्गामा समितिले आफ्नै स्रोत साधनबाट बजार स्टल निर्माण गर्ने गरी दिएको सहमति विपरीत आफूखुशी व्यक्तिगत लगानी लगाई तथा अग्रिम भाडा समेत उठाई व्यक्तिगत सम्पत्ति जस्तो गरी उक्त सार्वजनिक रुपमा सञ्चालन हुने गरी गठित तथा सञ्चालित कृषि उपज बजारको स्थापना र सञ्चालनको कार्यविधि, उदेश्य र शर्त-सम्झौता विपरीतको कसूरजन्य कार्य गरेको कारणबाट कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कृषि उपज बजारको आर्थिक वर्ष ०६९/०७० देखि ०७४/०७५ सम्मको अडिट गरेको देखिएको, सो अडिट गर्दा कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेले उपलब्ध गराएको बिल भरपाईको आधारमा नै गरेको देखिएको, कुनै बदनियतकासाथ नभएको नगरेको कार्य भए गरेको भन्ने वा तथ्य लुकाउने कार्य अडिट प्रतिवेदनमा नदेखिएको, निज प्रतिवादीले कृषि उपज बजार सञ्चालक समितिको लेखापरीक्षण सम्म गरेको देखिएको।<br>च) मिशिल संलग्न तथ्य प्रमाणहरुबाट कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको खातामा जम्मा भएको रकम प्रतिवादी दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले झिकी मासेको नदेखिएको, खातामा जम्मा भएको रकम स्टल निर्माण गर्दा लागेको खर्च तिरो भारो भएको भन्ने देखिएको, खातामा भएको रकम बदनियदत लिइ झिकेको भन्ने नदेखिएको, सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएकोले निज प्रतिवादी दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको भन्ने आरोप दाबी पुष्टि हुन आएको नदेखिएको, यसैगरी प्रतिवादी केशव अधिकारीले कृषि उपज बजार सञ्चालक समिति, पाँचखाल काभ्रेको अडिट गर्दा कुनै बदनियत लिइ अडिट प्रतिवेदन तयार गरेको भन्ने नदेखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कसूर गरेको दाबी पुग्न सक्ने नदेखिएको, दाबीको सटरहरु निजी स्रोत साधनले निर्माण भएको देखिएको, सटर | कोषको बदनियतपूर्ण रुपले हिनामिना तथा हानीनोक्सानी भएको व्यहोरा समेतलाई अनदेखागरी निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसलामा निजहरुको कसूरको गम्भीरतालाई समेत मध्यनजर नगरी फैसला भएको देखिएकोले बिशेष अदालत काठमाण्डौबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी रहेको ।<br>झ) यसैगरी प्रस्तुत मुद्दाका प्रतिवादीहरु मध्येका प्रतिवादी दर्तावाला लेखापरीक्षक सदस्यता नम्वर ३९०४, प्रमाणपत्र नं. ग ०३०२ का वाहक केशव भन्ने हरिकेशव अधिकारीले मौकाको बयानको सवाल नम्बर १० र ११ को जवाफमा आर्थिक बर्ष २०६९।०७० देखि २०७४।०७५ सम्मको एकै पटक निज अध्यक्ष दिल बहादुर श्रेष्ठले मौखिक बताए अनुसार तयार गरेको हो भनी लेखाईदिएका तथा निजको मौकाकै बयानको सवाल नं १२ र १३ को जवाफमा समेत आफू जिम्मेवार व्यक्ति भएर त्यसरी सार्वजनिक स्वामित्वमा रहेको कृषि उपज बजार सञ्चालक समितिको अडिट रिपोर्ट तयार गर्ने कार्य गर्न नियमले मिल्दैन, अध्यक्षले आन्तरिक प्रयोजनको लागि भनेको हुँदा तयार पारेको हो भनि आरोपित कसूरमा साविती रही बयान गरेका, निजले आफूले पालना गर्नु पर्ने पेशागत आचारसंहिता, उत्तरदायित्व तथा जवाफदेहिता समेतबाट कर्तव्यच्यूत भई गलत लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिशिल संलग्न तथ्य तथा प्रमाण समेतलाई न्यायोचित मूल्याङ्कन नगरी भएको बिशेष अदालत काठमाण्डौबाट भएको शुरु फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br>ञ) प्रतिवादी दर्तावाला लेखापरीक्षक सदस्यता नम्वर ३९०४, प्रमाणपत्र नं. ग ०३०२ का वाहक केशव भन्ने हरिकेशव अधिकारीले आफूले लेखापरीक्षण गर्ने क्रममा उक्त कृषि उपज बजार सञ्चालक समितिको सम्बन्धमा प्रत्येक लेखापरीक्षण गरिने आर्थिक बर्षहरुको आर्थिक कारोवारहरुको लेखांकन भएका प्रविष्ट कागजात, अभिलेख, बिल भौचर तथा सोलाई समर्थन गर्ने प्रमाण कागजातहरुको विवरण र व्यहोरा समेत यकिन गरीमात्र लेखापरीक्षण प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेमा सार्वजनिक स्वामित्वमा रहेको सार्वजनिक सरोकारको बिषयमा पर्ने उक्त कृषि उपज बजार सञ्चालक समितिको अडिट रिपोर्ट तयार गर्दा बदनियतपूर्ण ढंगले लेखापरीक्षण प्रतिवेदन तयार गरी पेश गरेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भाडाबाट उठेको रकमको विषयमा सम्झौता मौन रहेको अवस्थामा प्रतिवादी दिलबहादुर श्रेष्ठ र दिनेश अधिकारीले सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरेको पुष्टि हुन नसकेको र सोही समितिको आय व्यय प्रतिवादी केशव भन्ने हरिकेशव अधिकारीले लेखापरीक्षण गरेको देखिँदा निज उपरको आरोप दावी पुष्टि हुन नसकेकोले सबै प्रतिवादीहरु दिलबहादुर श्रेष्ठ, दिनेश अधिकारी र केशव भन्ने हरिकेशव अधिकारीले आरोपित कसुरबाट सफाई पाउने। | निजले आफूले लेखापरीक्षणको क्रममा पालना गर्नु पर्ने पेशागत आचारसंहिता, उत्तरदायित्व तथा जवाफदेहिता समेत पालना नगरेको देखिंदा देखिंदै गलत लेखापरीक्षण प्रतिवेदन पेश गरेको व्यहोरा स्पष्ट हुने मिशिल संलग्न तथ्य तथा प्रमाण समेतलाई अनदेखागरी भएको बिशेष अदालत काठमाण्डौबाट भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको। |